## मिति २०७९ पुस १४ गते बसेको मन्थली नगरपालिकाको कार्यपालिकाको छैठौ बैठकका निर्णयहरु

**निर्णय नं. १**

कार्यपालिकाको अघिल्लो बैठकमा भएका निर्णय र सो सम्बन्धमा भएको कार्य प्रगतिबारे छलफल तथा समीक्षा गरियो । अघिल्लो बैठकले शंसोधन गरेको योजना कार्यान्वयनको शंसोधित कार्यतालिका अनुसारका कार्यहरु तदारुकताका साथ कार्यान्वयमा रहेका लगायत अघिल्लो बैठकका अधिकाँस निर्णयहरु प्राथमिकताका साथ कार्यान्वयनका प्रक्रियामा रहेको पाईयो ।

**निर्णय नं. २**

मन्थली नगरपालिका वडा नं. ९ मा रहेको प्रसिद्ध धार्मिक तथा ऐतिहासिक थानापति मन्दिर र यस आसपासको क्षेत्रलाई नगरको महत्वपूर्ण पर्यटकीय क्षेत्रको रुपमा विकास गर्न थानापति विकास गुरुयोजना तयार गर्ने र आवश्यक बजेटको व्यवस्था गर्न आगामी नगरसभामा प्रस्ताव पेश गर्ने ।

**निर्णय नं. ३**

नगरपालिकाको आन्तरिक राजश्वको वृद्धिका लागि जारी राजश्व सुधार कार्ययोजना २०७८ प्रभावकारी कार्यान्वयनमा ल्याउने ।

**निर्णय नं. ४**

नगरकार्यपालिकाको कार्यालयबाट मस्यौदा भई विधेयक समितिमा दफावार छलफल पश्चात विधेयक समितिका संयोजक श्री मोतिलाल तामांगद्वारा बैठकमा पेश गरिएको *व्यक्तिगत घटना (जन्म र मृत्यु) दर्ता प्रोत्साहन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७९* पुनर्विचारका लागि विधेयक समितिमा नै फिर्ता पठाउने ।

**निर्णय नं. ५**

नगरकार्यपालिकाको कार्यालयबाट मस्यौदा भई विधेयक समितिमा दफावार छलफल पश्चात विधेयक समितिका संयोजक श्री मोतिलाल तामांगद्वारा बैठकमा पेश गरिएको देहाय

बमोजिमका कार्यविधिहरु दफावार छलफलका लागि समय पर्याप्त नभएकाले अर्को वैठकमा छलफल गर्ने ।

(१) वडागत उत्पादन पकेट विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७९

(२) करारमा सहायक कम्प्युटर अपरेटर व्यवस्थापन कार्यविधि २०७९

निर्णय नं. ६

मन्थली नगरपालिकाका विभिन्न विद्यालयहरुमा सञ्चालित विद्यालयहरुमा वालवालिकाहरुको सिकाई उपलब्धि मूल्याँकन र शिक्षकहरुलाई पृष्ठपोषण कार्यक्रम नगरपालिकाका सबै विद्यालयमा पुर्याउने गरी कार्य अगाडि बढाउने ।

निर्णय नं. ७

भू-वर्गिकरणको कार्यलाई तिब्रता दिन वडास्तरीय भू.उपयोग समित गठन कार्यलाई तदारुकताका साथ अगाडि बढाउने ।

निर्णय नं. ८

मन्थली नगरपालिकाको वडा नं. ७ र ८ को सिमानामा निर्माण हुने फोहोरमैला प्रशोधन केन्द्र (ल्याण्डफिल्ड साईड) निर्माणका लागि वातावरणीय प्रभाव मूल्याँकन कार्य अगाडि बढाउन नगरपालिकालाई निर्देशन दिने ।

निर्णय नं. ९

वडामा रहेका सबै मेलमिलाप केन्द्र सक्रियताका साथ सञ्चालन गर्न आवश्यक कार्यक्रम र बजेटका लागि नगरसभामा प्रस्ताव पेश गर्ने ।

निर्णय नं. १०

मन्थली नगरपालिकाको आगामी बाह्रौं नगर अधिवेशन मिति २०७९ साल पुस २५ गते नगरपालिकाको सभा हल मन्थलीमा सञ्चालन गर्ने ।